बर्दघाट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

प.सं:२०८२/०८३
च.नं.:

मिति:२०८३/०२/०४

विषयः- आवेदन माग गरिएको सूचना ।

प्रस्तुत विषयमा "नगरप्रमुख छात्रवृत्ति कोष (सञ्चालन तथा व्यवस्थापन) ऐन २०८२ " बमोजिम सामुदायिक विद्यालयमा शैक्षिक सत्र २०८२/०८३ मा कक्षा (११-१२) र उच्च शिक्षामा अध्ययनरत यस नगरपालिकाभित्र स्थायी बसोबास गर्ने अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, दलितसहित बेपत्ता पारिएका परिवारका सदस्य, अभिभावकविहीन बालबालिबालिका, वैदेशिक रोजगारीका सिलसिलामा मृत्यु भएका कामदारको परिवार र अति विपन्न वर्गका अन्य समुदायका परिवारका सदस्यलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम रहेकाले सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र बर्दघाट नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा यसैसाथ संलग्न ढाँचामा आवश्यक कागजात सहित निवेदन पेस गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

पूनश्चः थप जानकारीका लागि www.bardaghatmun.gov.np मा गई "नगरप्रमुख छात्रवृत्ति कोष (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८२" अध्ययन गर्नुहुन अनुरोध छ ।

बोधार्थः

श्री सूचना प्रविधि शाखाः कार्यालयको फेसबुक पेज तथा वेभसाइटमा अपलोड गरिदिनुहुन ।

कार्यालय फो नं.: +९७७ ०७८ ५८०२१०, ५८०४०७, दमकल: १०१, +९७७७८ ५२०८७४
इमेल:info@bardaghatmun.gov.np, bardaghatmunicipality@gmail.com,वेबसाईट: www.bardaghatmun.gov.np

(ऐनको दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

मितिः...........................

श्री शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखज्यू,
बर्दघाट नगरपालिका ।

विषयः छात्रवृत्तिको लागि आवेदन पेस गरेको सम्बन्धमा ।

महोदय,

उपर्युक्त सम्बन्धमा त्यस कार्यालयबाट मिति ...... मा प्रकाशित सूचनाबमोजिम (निवेदको बुवा/आमाको नाम) को छोरा/छोरी/बुहारी म (..निवेदकको नाम ) बर्दघाट नगरपालिका वडा नं....... मा स्थायी बसोबास गर्दै आएको र हाल श्री (विद्यालयको/क्याम्पसको नाम) मा ( अध्ययनरत कक्षा वा तह ) मा अध्ययनरत रहेको छु । बर्दघाट नगरपालिकाको नगर प्रमुख छात्रवृत्ति कोष (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८२ ले व्यवस्था गरे बमोजिम शैक्षिक छात्रवृत्ति पाउनको लागि म योग्य भएको हुँदा देहायबमोजिमका कागजातहरू संलग्न राखी आवेदन पेस गरेको बेहोरा अनुरोध गर्दछु।

<u>निवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरू</u>

(क) विद्यालय वा क्याम्पसले निवेदकले तहाँ अध्ययन गरिरहेको र क्याम्पस/विद्यालयबाट यस किसिमको छात्रवृत्ति प्राप्त नगरेको खुल्ने बेहोराको सिफारिस पत्र ।

(ख) विपन्नता वा गरिवीको हकमा गरिवी परिचयपत्रको प्रतिलिपि वा सो नभएको अवस्थामा वडाले बेहोरा खुलाई दिएको सिफारिसको सक्कलै पत्र ।

(ग) अघिल्लो कक्षा/तह उत्तीर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ।

(घ) बेपत्ता परिवार, सहिद तथा जनआन्दोलनका घाइते परिवारको हकमा मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको प्रमाणपत्र वा सिफारिस पत्रको प्रतिलिपि।

(ङ) विद्यार्थीको स्थायी रूपमा बसोबास गर्दै आएको र दलित भएको भए वडा कार्यालयको सिफारिसको सक्कलै पत्र ।

(च) अपाङ्गताको हकमा परिचयपत्रको प्रतिलिपि।

(छ) एकल महिला, टुहुरा/असहायको/अभिभावकविहीन विद्यार्थीको हकमा वडाको सिफारिस पत्र ।

ज) दलित/ लोपोन्मूख/ अति सिमान्तकृत परिवार/ आ.ज./ मधेशी/ मुस्लिम/अल्पसंख्यकको हकम वडाको सिफारिस वा सम्बन्धित निकायको प्रमाणपत्र